राजापुर नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
राजापुर, बर्दिया
**लुम्बिनी प्रदेश, नेपाल**

(९७७) ०८४-४६०१११
(९७७) ०८४-४६०१६७
C3HR+MQ Rajapur

**प्रेश विज्ञप्ती**

फरक समाचारले २०८० श्रावण ११ गते बिहीबार नागरिक न्युज स्रोत देखाउँदै राजापुर नगरपालिकाको **अनियमित कामको विरोध** शीर्षक राखेर समाचार प्रकाशन भएको विषयप्रति राजापुर नगरपालिकाको ध्यानाकर्षण भएको छ । राज्यको चौथो अंगको रुपमा रहेको सार्वजनिक महत्वको सरोकारको विषयमा सूचनाको पहुँच पुर्याउने उद्देश्य राम्रो भएपनि एकतर्फि र सतही कुरा नबुझी सम्प्रेक्षण गरेको पाइयो। सामाजिक सञ्जालमा असाढ मसान्तमा ठेकेदारले काम नसक्दै भुक्तानी दिइसकेको भन्ने समरपन शाह जो हाल दुबईमा बैदेशिक रोजगारको क्रममा हुनुहुन्छ उहाँको स्टाटसलाई लिएर लेखेको पाइयो। समरपन शाहले वडा नं. २ चैनपुरमा ठेकेदारले निर्माण गरेको कार्यको बिषय उठान गर्नुभएको हो । सो सन्दर्भमा वडा नं. २ स्थित राजापुर नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ र २०७९/०८० पूर्वाधारका योजना २ वटा भएको र उक्त योजनाहरु हिडा कन्स्ट्रक्सनको सडक कालोपत्रे फेज-१ राजापुर नगरपालिका वडा नं. २ स्थित महिलानालाको पुल देखि गेरुवा गाउँपालिका वडा नं. ६ को सिमाना जोड्ने सडक कालोपत्रे सडक लम्बाई १२८० मिटर र सम्झौता रकम रु. ९३ लाख हो र लक्ष्मी कन्स्ट्रक्सनको सडक कालोपत्रे फेज-२ राजापुर नगरपालिका वडा नं. २ स्थित बालाबजार देखि चैनपुर हुँदै गेरुवा वडा नं. ६ को सिमाना सम्म सडक कालोपत्रे समपुरक (प्रदेश र स्थानीय तहको) कोषको लम्वाई ५६२ मिटर र रु. १ करोड २ लाख सम्झौता रकम हो । हिडा कन्स्ट्रक्सनले आफ्नो काम समयमा सम्पन्न नगरेको र निजको मिति २०७९/०५/१० को कार्यपालिका बैठकको निर्णयले ६ महिना म्याद थप भएको भएतापनि हालसम्म म्याद थप लगायतका कार्य नगरेको र फिल्डमा कुनै काम नगरेको सन्दर्भमा आवश्यक कारबाहीका लागि जिल्ला प्रशासन कार्यालय, बर्दियामा यस कार्यालयबाट लेखी पठाएको र जिल्ला प्रशासन कार्यालय बर्दियामा निर्माण व्यवसायी सम्पर्कमा गई उहाँ काम गर्न आउँदै हुनुहुन्छ भनी सहायक प्रमुख जिल्ला अधिकारीज्यू बाट फोनमा जानकारी पाएको र सो पश्चात फिल्डमा कार्य गरेको आर्थिक वर्ष २०७९/८० मा रकम भुक्तानी लिएको नदेखिएको सो सम्बन्धी फायल समेत पेश गरेको छैन ।

यी माथीका योजना निर्माण व्यवसायीको ढिलासुस्तीका कारण उक्त आयोजनाहरु समयमा सम्पन्न हुन नसकेको र पालिकाले पटक पटक ताकेता गर्दा समेत कार्य नगरेको हो । निर्माण व्यवसायी र नगरपालिका वीचको समन्वय साथै गुणस्तरहीन कार्य गरेको अनियमितता भएको भन्ने सन्दर्भमा रकम नै भुक्तनी नगरेको अवस्थामा सबुत नराखी समाचारदाता निर्मल घिमिरेज्यूले फोन मार्फत कार्यालय सामान खरिद र कृषि पशु सेवाका कार्यक्रमको सन्दर्भमा फोन गर्नुभयो । तर पूर्वाधार सम्बन्धी योजनाका सन्दर्भ र त्यो पनि भुक्तानि र गुणस्तरको विषय उठाउनु भएको छैन । सो सन्दर्भमा प्रमुख प्रशासकीय अधिकृतलाई सोध्नु भएको होईन । जहाँ सम्म समाचार, सामाजिक संजालमा लेखिएको अवस्था नभई गुणस्तरीय कार्य भएको र निर्माणाधिन अवस्थाको आयोजना भएको सम्पूर्ण

महेन्द्र जंग शाही
प्रमुख प्रशासकीय अधिकृत

दिपेश थारु
नगर प्रमुख

सम्बन्धितलाई जानकारी गराईन्छ। नगरपालिका जनप्रतिनिधि र कर्मचारीवीचको सम्बन्ध र कार्यशैलीलाई बदनाम गराउने उद्देश्यले प्रेषित समाचारले आत्मबल र मनोबलमा आँच नआउने व्यहोरा अनुरोध छ।

मिति २०८०/०४/०४ र ०५ गतेको USAID तयार नेपाल र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको आयोजनामा संचालन हुने कार्यक्रममा १६ वटा नगरपालिका नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सूचना प्रविधि अधिकृत र तयार नेपालको कार्यक्रम हेर्ने फोकल पर्सन समेतको सहभागी हुन ललितपुर हिमालय होटलमा आयोजित कार्यक्रममा गएको हो।

संस्थाको शाख घटाउने, जनप्रतिनिधिको मनोबल कमजोर बनाई कार्य क्षमतामा ह्रास ल्याउने जस्ता नियत र बहाना राखी व्यक्तिगत चरित्र हत्या गराउने दोषारोपण साद्रे जस्ता समाचार मिथ्या छन्।

उपभोक्ता समितिले आर्थिक वर्ष २०७९/०८० मा रकम भुक्तानी नपाएर सास्ती हैरानी पाएको भन्ने समाचार गलत छ। राजापुर नगरपालिका र वडा कार्यालयहरुको अभिलेखमा सम्झौता भएका योजना भुक्तानी बाँकी रहेको कही कतै नदेखिएको हुदाँ यस्ता गलत समाचारप्रति विश्वास नगर्न र नपत्याउनु हुन आम नागरिकहरुमा अपिल गर्दछौ। नगर प्रमुख र कर्मचारी प्रलोभनमा परेर भुक्तानी दिएको विषय गलत र भ्रामक हो। उक्त आयोजनाहरुले २०७९/८० अषाढ २४ गतेसम्म भुक्तानी नलिएको व्यहोरा सम्पूर्ण नगरबासी दाजुभाई तथा दिदिबहिनी एवम् आम नागरिक समक्ष यो विज्ञप्ती मार्फत जानकारी गराउदछौं।

२०८०/४/१६

प्रमुख प्रशासकीय अधिकृत
महेन्द्र जंग शाही
प्रमुख प्रशासकिय अधिकृत

नगर प्रमुख
दिपेश थारु
नगर प्रमुख